जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि प्रवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष १० • अंक ११५ • २०७९ फाल्गुण ४ गते विहिवार • 16 Feb. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## सतलोक आश्रम धनुषामा भव्य रुपमा मनाइँदै छ सन्त रामपालजी महाराजको बोध दिवस



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ फाल्गुण**

धनुषाको मिथिला न.पा.-२, बेलाचापी स्थित सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा जगतगुरु तत्वदर्शी सन्त रामपालजी महाराजको ३६ औं बोध दिवस भव्य रुपमा मनाईंदैछ। सोही बोध दिवसको उपलक्ष्यमा अमरग्रन्थ साहेबको तीन दिवसीय (फाल्गुन ३ देखि ५ गते सम्म) अखंड पाठ र विशाल भण्डारा आज देखि शुरु भएको छ।

यसै विशाल कार्यक्रममा मधेस प्रदेश सभाको सभामुख रामचन्द्र मण्डल ज्यु तथा मधेश प्रदेशको गृहमंत्री शत्रुधन सिंह लगायत प्रदेश प्रमुखहरुको ज्युको विशेष उपस्थिती रह्यो । त्यहाँका सबै व्यवस्था र संरचनाहरुको अवलोकन गरिसकेपछि उहाँहरुले भण्डारा प्रसाद पनि ग्रहण गर्नुभयो। विभिन्न धर्म सम्प्रदायका व्यक्तिहरु भएपनि कुनै किसिमको विभेद, असमानता नदेखिएको र आपसी सद्भाव, भाइचाराका साथ अनुशासित भएर निस्वार्थ सेवा गरेको देखेर एकदमै हर्षित भएको अनुभव सबै अतिथिहरुले साझा गर्नुभयो। यस्ता कार्यक्रमले समाजबाट सबै विभेद अन्त्य हुने र समाजमा शान्ति स्थापना हुने भएकोले अन्यत्र पनि गर्नुपर्ने अनुरोध मन्त्रीज्युले गर्नुभयो।

सन १९८८ मा सन्त रामपालजी महाराजले परम सन्त रामदेवानंदजी संग दीक्षा प्राप्त गर्नुभयो तथा तन-मन-धन ले सक्रिय भएर स्वामीजी द्वारा बताइएको भक्ति

बांकी पृष्ठ २ मा ।

## सभासदहरुद्वारा प्रदेशमा भएका भ्रष्टाचारको छानबिन गर्न मांग

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ फाल्गुण**

मधेश प्रदेश सभाको पहिलो बैठकमा सभासदहरुले प्रदेशमा भएका भ्रष्टाचारको छानबिन गर्न माग गरेका छन्।

सभासदहरुले यातायात व्यवस्था कार्यालय, जानकी मन्दिरको सौन्दर्यकरण, मधेश कृषि विश्वविद्यालय लगायतका निकायहरुमा भएका भ्रष्टाचारको छानबिन गर्न माग गरेका छन्। नेकपा एमालेका सांसद दीपेन्द्र ठाकुरले यातायात व्यवस्था कार्यालयमा व्यापक भ्रष्टाचार भइरहेको उल्लेख गर्दै तत्काल रोक्न माग गरेका छन् । 'आमनागरिकको सोझो सरोकार भएको यातायात कार्यालयमा आर्थिक चलखेल व्यापक भइरहेको छ ' उनले भने, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवको ध्यानाकर्षण होस् । प्रदेश सभाको मंगलवार बसेको बैठकमा नेकपा



बांकी पृष्ठ २ मा ।

## प्रत्येक पालिकाहरुमा मौसम स्टेसन जडान गर्ने कार्य प्रारम्भ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३ फाल्गुण**

बर्षाद र हावाहुरीको पूर्वानुमान भइइदिएको भए बालीनाली नोक्सान हुँदैन्थ्यो कि ? भन्ने आम किसानहरुको साझा प्रश्न बनिरहेको बेला महोत्तरीमा भने यसको निराकारण हुने भएको छ। प्रत्येक पालिकाहरुमा मौसम स्टेसन जडान गर्ने कार्य प्रारम्भ भएसँगै मौसमको पूर्वानुमान हप्तौं अघि लिन सकिने भएको छ।

विशेषगरी, बालीनाली लगाउने किसानहरूको लागि निकै उपयोगी बन्न सक्ने मौसम स्टेसनले भूगोलअनुसार कति क्षेत्रफलको जानकारी लिने भन्ने योजना अनुसार नै स्थापना गरिएको छ। बर्दिबास, गौशाला, औरही र भंगाहा नगरपालिकामा स्थपना गरिसकिएको स्टेसनले उक्त क्षेत्रफल भित्रको मौसमको जानकारी दिन सुरु गरिसकेको छ। एन्ड्रोइड मोबाइलमा युजर नेम र पासवोर्डको माध्यमबाट सजिलै खोल्न सकिने भएकाले स्टेसन राखिएको क्षेत्रको मौसमको अवस्था विश्वभरीबाट हेर्न सकिन्छ।



युरोपियन युनियन र अष्ट्रियन विकास नियोगको आर्थिक सहयोग तथा आड्रा नेपाल, रुपान्तरण र सामुदायिक विकास तथा पैरवी मंच नेपालको साझेदारीमा संचालित लिरिक परियोजनाअन्तर्गत जडान गरिएको उक्त मौसम स्टेसन जिल्लाका अहिलेसम्म तीनवटा पालिकामा राखिएको छ। नगर क्षेत्रमा स्थापना गरिएको मौसम स्टेसनले नगरभरीको मौसमसम्बन्धी जानकारी दिनेछ। मौसमको पूर्ण जानकारी लिनको लागि अन्डर ग्राउन्ड वेदर भन्ने एप डाउनलोड गर्नुपर्नेछ । उक्त एपमा प्राविधिकहरुले सुरक्षित गरेको आईपी ठेगाना हालेपछि मौसमको वस्तुस्थिति थाहा पाउन सकिन्छ ।

प्राविधिकहरुले स्थापना भएका नगरक्षेत्रमा स्टेसन आईडीसमेत सार्वजनिक गरेका छन् । बर्दिबास नगरपालिकाको IBARD16 गौशाला नगरपालिकाको IGAUSH2, औरही नगरपालिकाको IAURAH1 र भंगाहा नगरपालिकाको IVAGAH1 रहेको पप्पु यादवले जानकारी दिए।

## ज्ञान गंगाद्वारा औपचारिक रुपमा संगीत कक्षाको संचालन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ फाल्गुण**



मधेस प्रदेशको राजधानी जनकपुरधाममा अवस्थित ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले आज औपचारिक रुपमा संगीत कक्षाको संचालन गरेको छ।

विद्यालयको प्रधानाध्यापक प्रा.पवन कुमार साहको अध्यक्षतामा यस अघि नृत्य कक्षा संचालनमा ल्याइसके पछि आज विधिवत रुपमा संगीतको अर्को अंग गायन कक्षाको शुरुवात गरिएको छ। यस कक्षाको संचालन तथा निर्देशन मिनापको पुरानो कलाकार तथा मिथिला सिरिजको संचालक संजय कुशवाहाले स्वयं उपस्थित भएर हार्मोनियमको पुजाआजा गरी संगीत कक्षाको संचालन गरेका थिए। विद्यालयका विद्यार्थीहरु समेत हार्मोनियम र संगीत गुरु संजय कुशवाहालाई ढोगी

बांकी पृष्ठ २ मा ।

## सूचना

**नेपाल पत्रकार महासंघ**

महोत्तरी, शाखा जलेश्वर

**प्रथम पटक प्रकासित मिति २०७९।११।२ गते**

नेपाल पत्रकार महासंघ जिल्ला शाखा महोत्तरीको नयाँ सदस्यता आव्हान तथा सदस्यता नविकरण सम्बन्धी प्रकाशित सूचना केही प्राविधिक कारणवश अर्को सूचना प्रकाशित नहुन्जेलसम्मका लागि नयां सदस्यता आव्हान तथा नविकरण कार्य स्थगित गरिएको व्यहोरा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**संजीत कुमार मण्डल**
**सहसचिव**

## प्रजातन्त्र दिवस भव्य रुपमा मनाऔं

- प्रजातन्त्रको मुल मर्मत मानवअधिकार र विधिको शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागी महत्वपूर्ण हुन्छ ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ ।

***त्यसैले,***

प्रजातान्त्रिक आचरण, संस्कार र व्यहारको अवलम्वन गरौं ।

**७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रुपमा मनाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# निर्विकल्प होइन संसदीय पद्धति

*हामी पुँजीवादी लोकतान्त्रिक समाज-व्यवस्थाको अभ्यासमा रहेका छौँ। राष्ट्रिय राजनीति संसदीय प्रणालीद्वारा निर्देशित रहेको छ। मूलतः संसदीय प्रक्रियामा बहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकारका आधारमा आवधिक निर्वाचन, बहुमतको सरकार, अल्पमतको विपक्ष, मानव अधिकार, सामाजिक न्याय र सुशासनको वकालत गरिन्छ। यी लोकतन्त्रको सैद्धान्तिक, नीतिगत तथा आदर्शगत आधारभूत अवधारणा हुन्। तर आज यस्ता स्वादिला र गुलिया शास्त्रीय दिव्य-वाणीका पर्दाभित्र विभिन्न स्वार्थगत हर्कतमा सीमित हुँदै गइरहेको छ संसदीय लोकतन्त्र अर्थात् आआफ्नै निहित स्वार्थमा यसको चरम अपव्याख्या हुनथालेको छ।*

*यो असाध्यै विकृत बन्दै गइरहेको छ अर्थात् जनअपेक्षा र समय सापेक्ष यसको रूपान्तरण अनिवार्य हुँदै गइरहेको देखिन्छ। नेपालमा संसदीय प्रणालीको अभ्यास आरम्भ भएको पनि तीन दशक बढी भइसकेको छ। यो अवधिमा यसले जनताका उन्मुक्तिका कुरा, स्वतन्त्रता, समानता, न्याय, जनजीविका, विकास, समृद्धि र सुखी नेपालीको धेरै वकालत गरिएको छ। जनतालाई यो दिन्छौँ, त्यो दिन्छौँ अनि यो गर्छौं त्यो गर्छौं भनेको पनि अति नै भइसकेको छ। चुनावमा गरिएका सम्पूर्ण वाचा-कसमहरूको विवरणलाई अभिलेखीकरण गर्ने हो भने फाइलको भण्डारण क्षमताले धान्नेवाला छैन।*

*जनताले यस्ता धेरै चुनावहरू झेलिसकेका छन् अनि सुगरकोटेड खोक्रो आस्वासन धेरै पचाइसकेका छन्। तर जनताका चाहना र संसदीय लोकतन्त्रको अर्थराजनीतिक कार्यसम्पादनबीच सन्तुलन देखिँदैन अर्थात् जुन रूपमा जनताका उपभोगवादी लालसा र भावना उर्लिरहेको छ त्यही अनुपातमा राजकीय दायित्व पुगिराखेको छैन। एउटा संसदीय लोकतन्त्रको विकल्प अर्को संसदीय लोकतन्त्र हुन सक्दैन। यसको एकल तथा उन्नत साझा विकल्प भनेको समाजवाद नै हो। जनतालाई चेतना भया !*

### सतलोक आश्रम धनुषामा.......

मार्गको साधना गर्नुभयो र परमात्माको साक्षात्कार गर्नुभयो। सन १९८८ फरवरी १७ तारिख फाल्गुन औंशीको रात्रिमा संत रामपालजी महाराजलाई मन्त्रदीक्षा प्राप्त भएको थियो। उपदेश दिवस (दीक्षा दिवस) लाई संतमतमा उपदेशी भक्तको आध्यात्मिक जन्मदिन मानिन्छ। संत रामपालजी महाराजले दिक्षा लिनुभएको दिनको स्मृतिमा उहाँको बोध दिवस मनाइएको हो र सो को उपलक्ष्यमा नेपाल र भारत गरी ९ वटा सतलोक आश्रमहरुमा विशाल भंडारा, घ्यूको अखण्ड दीप प्रज्वलन सहित तिन दिन सम्म सन्त गरिब दासजीको अमृतवाणीको अखण्ड पाठ गरिन्छ जुन आजदेखि शुरु भएको छ। यसका साथै निःशुल्क मन्त्रदीक्षा, रक्तदान शिविर, दाइजो तथा आडंबर रहित आदर्श विवाह आदि कार्यक्रमहरुको पनि आयोजना गरिएको छ। नेपाल, भारत, सीक्कीम, भुटानबाट हजारौंको संख्यामा श्रद्धालुहरु सहभागी भएको यस भण्डारामा शुद्ध घ्युमा बनेका लड्डु,जेरी,हलुवा प्रसाद मुख्य रहेको छ भने आश्रममा आउने हरेक व्यक्ति लाई फर्किने बेलामा उक्त प्रसादको एक पोका पनि साथमा घर लैजानका लागि दिइने गरिएको छ। आश्रमका सबै व्यवस्थाहरु सर्व आगन्तुकका लागि निःशुल्क रुपमा प्रदान गरिएको जानकारी संस्थाका अध्यक्ष कुमार डंगोल ज्युले जानकारी दिनुभयो। परम सन्त रामपालजी महाराज द्वारा लिखित ज्ञान गंगा, गीता तिम्रो ज्ञान अमृत,जीउने मार्ग जस्ता आध्यात्मिक ज्ञानयुक्त पुस्तकको सेवा पनी यस कार्यक्रममा गरिँदैछ। यहि फाल्गुन ५ गते समापन हुने यस कार्यक्रममा प्रदेशका विशिष्ट व्यक्तीत्वहरुको उपस्थिती रहनेछ।

### सभासदहरुद्वारा प्रदेशमा.........

एकीकृत समाजवादी पार्टी (एस)का सांसद गोविन्द बहादुर न्यौपानेले भने,' अब हामीले गर्ने कार्यक्रम समाजवाद उन्मुख होस् तपाईले ल्याउने बजेट समाजमा पुग्ने के के हुन सक्छ नीति कार्यक्रम र बजेटमा ल्याउनुस त्यसको लागि शुभकामना छ।' उनले आफूहरूले मुख्यमन्त्रीलाई विश्वासको मत दिए पनि रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भने, बैंक तथा लघुवित्तहरुको ब्याज चर्को रहेको र सो ऋणले गर्ने कारोबारबाट आउने नाफाले ऋणको ब्याज पनि तिर्न सक्ने अवस्था नरहनु दुर्भाग्यपूर्ण हो। नेपाली कांग्रेसका सांसद जङ्गीलाल रायले मुख्यमन्त्री यादवले सडक र सदनमा उठेका कुरालाई सम्बोधन गर्ने अपेक्षासहित कांग्रेसले विश्वासको मत दिएकाले त्यसलाई मधेशको हितमा प्रयोग गर्न आग्रह गरे।

### गंगाद्वारा औपचारिक........

आशिर्वाद ग्रहण गरेका थिए। त्यसै क्रममा केही गीतहरु हार्मोनियमका साथ गुन गुनाएर प्रशिक्षक कुशवाहाले विद्यार्थीहरुलाई आजको प्रथम कक्षाको शुरुवाता गरेका थिए। सोही अवसरमा विद्यार्थीहरु लगायत उपस्थित शिक्षकहरु समेत सो हार्मोनियमलाई बजाएर अभ्यास गरेका थिए। ज्ञान गंगा ई.पब्लिक स्कुललाई जनकपुरधामको मोडेल विद्यालयको रुपमा बनाउने अभियान अन्तर्गत नविनतम प्रयासलाई प्रशिक्षक कुशवाहा लगायत उपस्थित शिक्षकहरुले प्रधानाध्यापक साहको प्रशंसा गरेका थिए। सो कार्याक्रममा विद्यालयको उपप्रधानाध्यापक सोनी साहको समेत गरिमामय उपस्थिति रहेको थियो।

# बिरुवा बाँडेर मनायो 'भ्यालेन्टाइन्सडे'



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३ फाल्गुण**

हरेक वर्ष फेब्रुअरी १४ मा विश्वभर यो दिवस मनाइदै आएको छ।पश्चिमा देशमा विशेष रुपमा मनाइने गरेको यो दिवस पछिल्लो दशकदेखि नेपालमा पनि मनाउने क्रम बढेको छ। नेपाली युवा पुस्तामा यो दिवस लोकप्रिय बन्दै गएको छ।

इटलीका तत्कालीन शासक क्लाउडियसको तानाशाहीको विरुद्धमा उत्रिएका सेन्ट भ्यलेनटाइनलाई मृत्युदण्ड दिएको दिनको सम्झनामा यो दिवस मनाउन थालिएको हो। विशेषगरी यस दिन मन परेको व्यक्तिलाई प्रेम प्रस्ताव राख्ने र आफ्ना प्रियजन तथा आफन्तलाई उपहार दिने गरिन्छ तर बर्दिबासका दुई युवा सरोज गजमेर र मदन सुन्दासले फरक रूपमा मनाएका छन् उनीहरुले यस बर्षको प्रणय दिवसका दिन आउनुहोस् यो प्रेम दिवस बाताबरण सँग मनाउ भन्दै एउटा बिरुवा लगाउ मायाले हुर्काउ भन्दै बर्दिबास चोकमा ३० वटा सयपत्री फुल रोपेको, २ वटा गुलाफको फुल रोपेर अन्य ब्यक्तिहरुलाई ५० वटा अशोक ,५० वटा धुपीको बिरुवा बाढेको छ।

बिरुवा डिभिजन बन कार्यालय माइस्थान, ज्वाइको नर्सरी गार्डेन बाट उपलब्ध गराइएको थियो। आगामी दिनमा पनि यस्तै निरन्तर सामाजिक काम गर्ने र बाताबरण सुधार गर्न सबैको सहयोग आवश्यक रहेको सरोज गजमेरले भन्नू बताएका छन्।






## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला

वृष: पिछडेको साथी मिल्ने

मिथून: अनावश्यक चिन्ता

कर्कट: अशुभ समाचार प्राप्त हुने

सिंह: अनावश्यक खर्चको संभावना

कन्या: पढाईमा ध्यान दिनुपर्ने

तुला: खानपानमा समस्या आउने

वृश्चिक: लामो यात्राको योग छ

धनु: शुभ कार्यको शुरुवात

मकर: मनमा पछुतो आउने

कूम्भ: मित्रतामा फाटो आउने

मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# तथ्यांकमै बरालिएको कृषिका कुरा

-केही समयअघि चितवनका कृषकले आफ्ना उत्पादनले बजार भाउ नपाएको भन्दै सडकमा तरकारी फालेर विरोध जनाए। सो घटना लगत्तै झापाका कुखुरापालक किसानले पनि उत्पादित कुखुरा र अण्डाले उचित बजार भाउ नपाएको भन्दै सडकमै अण्डा र कुखुरा छाडेर विरोध प्रदर्शन गरे। विगतमा जस्तै सिजनको समयमा पनि नेपालमै उत्पादित कृषि उपजले बजार नपाउने अवस्थाका कारण जहिल्यै किसान 'मर्नुपर्ने' अवस्था आएको भन्दै कृषकले विरोध गरे र गर्दैछन्। यी दुई घटनाबाट नेपालको आन्तरिक कृषि उत्पादनले बजार नपाउने तर, कृषि बजार भने भारतीय उत्पादनले भरिभराउ हुने अवस्था चरितार्थ भएको छ। जहाँसम्म तरकारीजन्य कृषि उत्पादनको सवाल छ, नेपालमा उत्पादित कृषि उपजका लागि व्यवस्थित संकलन र बजारीकरणको समस्या विकराल बन्दै गएको देखिन्छ। किसानका उत्पादनलाई नियमित रूपमा बजारीकरण गर्न नसक्नु र नेपालका कृषि व्यवसायीहरूले पनि त्यसरी नेपालमै उत्पादित कृषि उत्पादनलाई महत्व दिएर आपूर्ति प्रणालीमा समावेश गराउन नखोज्दा यो अवस्था आएको हो।

संभवतः नेपाली उत्पादनले बजार नपाउनुको मुख्य कारण लागत मूल्य, उत्पादनमा नियमितता र विविधता पनि एक हो। किनकि नेपालको कृषि बजार एकीकृत भएकै छैन। र, यहाँको कृषिले व्यावसायिकता हासिल गरेकै छैन। किसानहरूले पनि बजारको माग अनुसारको उत्पादनलाई भन्दा पनि मौसमी प्रकृतिको उत्पादनलाई नै जोड दिंदा मौसमको अनुकूलतामा माग भन्दा आपूर्ति बढ्न जाने हुँदा उचित बजार भाउ पाउन सकेको देखिंदैन। फेरि कृषि उपज संकलन र आपूर्तिमा संलग्न बिचौलियाहरूले पनि संभावित आन्तरिक उत्पादनको आकलन गरी अपुग मात्रै आयात गर्ने परिपाटी कायम नगरिदिंदा आफ्नै किसान भने सधैं मारमा पर्ने गरेका छन्।

यसै क्रममा आफ्नो उत्पादनको बजारीकरणमा हैरानी खेपेको रूपन्देहीका एक कृषक मित्र गुनासो गर्दैथिए, 'नाकाबाट विना भन्सार अतिरिक्त भित्रिने कन्टेनरको लेखाजोखा नहुँदासम्म नेपालमा उत्पादित तरकारीजन्य उपजले भाउ पाउन सक्दैन।' खासमा व्यापारीहरूले आन्तरिक उत्पादनको बजारीकरणलाई प्राथमिकता नदिंदा नेपालमा उत्पादित वस्तुले बजार नपाउने अवस्था सिर्जना हुन पुगेको हो। त्यसैगरी सरकारले पनि आफ्ना किसानले उत्पादन गरेका उपजको उपभोग र बजारीकरणलाई प्रवर्द्धन गर्ने संयन्त्र निर्माण गर्न सकेको देखिंदैन। परिणामस्वरूप सडकमा दूध, तरकारी फालेर विरोध गर्ने अवस्था नियमित जस्तै बनेको छ। साथै कमसल बीउका कारण मकैका घोगामा दाना नलाग्ने, खेतमा लगाइएको धान नपसाउने, उखु किसानले उखुको उचित मूल्य नपाउँदा खेतमै उखुबालीमा आगो लगाउनुपर्ने जस्ता उत्पादन र बजारीकरणका समस्या यथावत् रहेका छन्। यसअघि पनि पटक-पटक उखु उत्पादक किसानले मुलुकको राजधानी काठमाडौंमा आन्दोलन गरेका थिए। आफूहरूलाई चिनी मिलले दिनुपर्ने बाँकी बक्यौता रकम भुक्तानी नगरेको र उत्पादित उखु बिक्रीबाट लागत समेत नउठ्ने अवस्था अन्त्यको माग गर्दै किसानले लामो संघर्ष गरे।

किसानको संघर्षपछि सरकारले समयमै मूल्य तोक्ने र तत्काल बाँकी बक्यौता भुक्तानीका लागि उखु मिललाई निर्देशन पनि गर्‍यो। तर, उखु किसानका समस्या ज्यूँकात्यूँ छ। प्रत्येक वर्ष फसल काट्ने बेलामा भाउको टुंगो हुँदैन। अनि एकातिर सस्तो मूल्यमा मिललाई उधारोमा उखु बेच्ने कि खेतमै सुक्न दिने भन्ने विकल्पविहीन अवस्थामा किसान पुग्ने गरेका छन्। अर्कोतिर तिनै उखुमिल व्यवसायीहरूले राजनीतिक तथा प्रशासनिक लाभमा बसेर किसानमाथिको ज्यादती यथावत् राख्ने गरेका छन्। त्यस्तै धान उत्पादन गर्ने किसानको अवस्था पनि उस्तै दुरुह छ। प्रत्येक वर्ष सरकारले किसानका लागि धानको समर्थन मूल्य पनि तोकिदिने गरेको छ। तर, सरकारले समयमै समर्थन मूल्य नतोकिदिंदा किसान सस्तो मूल्यमा व्यापारीलाई आफ्ना उत्पादन बुझाउन बाध्य छन्।



सरकारी संयन्त्र भने जहिल्यै धानको समर्थन मूल्य कार्यान्वयनमा ढिलाइ गर्छ। यसै वर्षको उदाहरण हेर्ने हो भने पनि सरकारले कात्तिक महिनाको मध्यतिर धानको समर्थन मूल्य तोकिदियो। तर, सोको कार्यान्वयनका लागि परिपत्र भने मंसिर अन्त्यतिर मात्रै भएको थियो। सरकारले चालू वर्ष २०७९/८० का लागि मोटा धानको मूल्य प्रतिक्विन्टल २ हजार ९६७ रुपैयाँ र मध्यम धानको मूल्य प्रतिक्विन्टल ३ हजार १२८ रुपैयाँ तोकिदिएको थियो। तर, विगतमा जस्तै कृषि मन्त्रालयबाट सम्बन्धित कृषि कार्यालयहरूलाई प्रवाहित हुने समर्थन मूल्यको निर्णयको परिपत्र भने मंसिरको अन्त्यतिर मात्रै पुगेको थियो। जसका कारण किसानले व्यापारीलाई उनीहरूकै मूल्यमा धान बेच्न बाध्य भए। कतिपय सरकारले तोकेको समर्थन मूल्यप्रति जानकार किसानहरूले समेत प्रतिक्विन्टल २ हजारदेखि २ हजार ४०० रुपैयाँसम्ममा धान बेच्न बाध्य भए। किनकि किसानलाई आफ्नो उत्पादन भण्डारण गरेर राख्ने अनुकूलता नै हुँदैन। अधिकांश उत्पादन खेतबाटै उठाइने हुँदा ढिला गरेर आउने सरकारी समर्थन मूल्य केवल हात्तीको देखाउने दाँत मात्रै हुने गरेको अनुभव कृषकको छ। के सरकारी निकायहरू यो दुरवस्थाबाट जानकार छैनन्? सरकारलाई यो सूचना छैन?

निश्चय नै सरकारी संयन्त्रले समय घर्केपछि मूल्य कार्यान्वयनका लागि सूचित गर्नु गलत मनसाय र खराब नियतकै सवाल हो। र, यो केवल सरकार, प्रशासन र व्यापारीहरूबीचको मिलेमतोको एउटा सानो दृष्टान्त मात्रै हो। यस्ता अनेकन् चंगुलमा साना र सोझा कृषकहरू जहिल्यै पिल्सिने गरेका छन्। तथ्यांकमै रुमल्लिएको कृषि बहसलाई किसानमुखी बनाउनुपर्छ। जसका लागि सबैभन्दा पहिले किसान चिन्नुपर्‍यो। किसानका समस्यामा परिचित हुनुपर्‍यो। किसानका दुःख र पीडा बोध हुनुपर्‍यो। अनि बुझ्नुपर्छ कि नेपालको भौगोलिक विविधता अनुसार नेपालको कृषिको समस्यामा पनि विविध आयाम छन्, जसको एउटै समाधान हुँदैन। समाधान फरक-फरक हुनेछ।

***सांभारः अनलाईन खबर।***


## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस।

–: दिलीप कुमार साह :–

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला




## सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी



## सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,




जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

बलवा नगरपालिकाको कार्यालय, महोत्तरी

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday